# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## बोगटान फुडसिल गाउँपालिका
## डोटी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण निर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं.३६५ मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
बोगटान फुड्सिल गाउँपालिका,
डोटी।

**कैफियत सहितको राय**

हामीले बोगटान फुड्सिल **गाउँपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रू.८२ लाख ९ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.११ लाख २७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.५२ लाख ५७ हजार र पेश्की रु.१८ लाख २५ हजार बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु.७ करोड ३२ लाख ७ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.६ करोड ९६ लाख ३२ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।

२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। **गाउँ** कार्यपालिका, **अध्यक्ष** र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

# बोगटान फुडसिल गाउँपालिका, डोटी

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५६ | २४ | ८२०९ | ० | ० | ० | ५६ | २४ | ८२०९ | ११२७ | ० | ५२५७ | ० | ० | ५२५७ | १८२५ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्यौंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ७३२०७ | 0 | ११७८४ | ६१४२३ | 0 | ८२०९ | ६९६३२ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : बोगटान फुड्सिल गाउँपालिका, डोटी , बोग्तन गाउँपालिका , डोटी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Shankar Suchikar | २०७५-२-१ | |
| कार्यालय प्रमुख | bharat Bahadur Chand | २०७८-९-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Min Bahadur Chand | २०७८-९-१ | |
| लेखा प्रमुख | Bhakta Raj Bhatta | २०७६-१०-११ | |
| | | **बेरुजु रकम** | ८,२०८,७३४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४,१९,५४,०३७.०४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३२,५३,०५,८४७ | **चालु खर्च** | २३,३६,३७,९८०.३५ |
| **प्रदेश सरकारबाट अनुदान** | २,५०,९५,०७६ | **पूँजीगत खर्च** | १४,९०,७८,१६०.४९ |
| **राजश्व बाँडफाँट** | ६,५९,१८,४१३.७९ | **वित्तीय/अन्य व्यवस्था** | ५,७६,०८,६६७.८१ |
| **आन्तरिक आय** | २४,५९,७१३ | | |
| **अन्य आय** | १,१२,५०,७१५ | | |
| **कुल आय** | ४३,००,२९,७६४.७९ | **कुल खर्च** | ४४,०३,२४,८०८.६५ |
| **बाँकी मौज्दात** | | ३,१६,२८,९९२.९८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **बित्तिय विवरण**<br>**परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । गाउँपालिका अन्तर्गत ७ वडा, ३८ सभा सदस्य, ३००.२२वर्ग किलोमिटर क्षेत्रफल तथा १७,९०६ जनसंख्या रहेको छ ।<br><br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७8।06।21 मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :<br><br>**वित्तिय विवरण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्ने र सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेमा गरेको पाईएन ।<br>त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २ | | | **आन्तरिक नियन्त्रण**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । | |

· पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची 14 वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

· कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यमकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।

· विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितणमुखी रहेको पाईयो।

· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो

· वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

· मुल्य अभिवृद्धि कर नियमावली २०53 को नियम 6 क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।

· कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

· कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।

· सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

· स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74

(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

· सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

· संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

| | | | | |
|---|---|---|---|---|
| | | | · सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>· वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>· पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन<br>· निजामती सेवा ऐन 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>· निजामती सेवा ऐन 2049 को दफा 7 ख 2 वमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३ | | | **बरबुझारथ**<br>मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| ४ | | | **सम्पत्ति हस्तान्तरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| ५ | | | **बजेट सिमा निर्धारण समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त | |

| | | | | |
|---|---|---|---|---|
| | | | समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ६ | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ७ | | | **चौमासिक खर्च**<br>पालिकाले स्वीकृत भएको कार्यक्रमको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय अनुसार छः | |

| **क्र.स.स** | **बजेट उपशिर्षक** | **कुल खर्च** | **चौमासिक खर्च -रु= हजारमा_** | | | |
|---|---|---|---|---|---|---|
| | | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेश्रो चौमासिक** | **आषाढ महिना** |
| १ | चालु खर्चतर्फ | 233637 | 41245 | 60570 | 131821 | 97372 |
| २ | पूँजिगत खर्चतर्फ | 149078 | 6884 | 20040 | 122153 | 93399 |
| | जम्मा | 382715 | 48129 | 80611 | 253974 | 190771 |
| | प्रतिशत | 100 | 12.58 | 21.06 | 66.36 | 49.85 |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रू. ३८ करोड 27 लाख 15 हजार निकासा भएकोमा प्रथम चौमासिकमा रू. ४ करोड 81 लाख 29 हजार अर्थात 12.58 प्रतिशत, दोश्रो चौमासिकमा रू. 8 करोड 6 लाख 11 हजार, अर्थात 21.06 प्रतिशत र तेश्रो चौमासिकमा रू. २५ करोड 39 लाख 74 हजार, अर्थात ६6.36

प्रतिशत खर्च गरेको देखिएको छ । वर्षान्तमा खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

८

**क्षेत्रगत बजेट र खर्चको स्थिति**

पालिकाबाट प्राप्त विवरणको आधारमा क्षेत्रगत कार्यक्रम र बजेट खर्च स्थिति देहाय बमोजिम रहेको छः

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| | | | | **जम्मा खर्चको तुलनामा** |
| १ | आर्थिक विकास | 46798487 | 41200441 | ८8 प्रतिशत |
| २ | पूर्वाधार विकास | 122072288 | 74647745 | 61 प्रतिशत |
| ३ | सामाजिक विकास | 141388338 | 126958143 | 87 प्रतिशत |
| ४ | बातावरण तथा विकास | 0 | 0 | 0 प्रतिशत |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | 22958000 | 18032833 | 78 प्रतिशत |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | 148811197 | 121876976 | 81 प्रतिशत |
| **जम्मा** | | **482028310** | **382716138** | |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी आर्थिक विकासमा ८८ प्रतिशत र वातावरण तथा विकासमा शुन्य प्रतिशत खर्च रहेको छ । मध्यमकालिन खर्च संरचना तयार गरी बजेटलाई आवधिक योजना र दिगो विकास लक्ष्य अन्तर्गतको सूचकहरुमा आधारित बनाउनु पर्दछ ।

९

**लक्ष्य प्रगति**

कार्यालयको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरीय तथा केन्द्रीय स्तरीयका 707 योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

| | | | | | |
|---|---|---|---|---|---|
| १० | | | **प्रशासकिय संगठन र कर्मचारी व्यवस्थापन**<br>– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत,कृषि,पशू र स्वास्थ्य सेवाक सहित 96 दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म विभिन्न पदमा 37 जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत सहित 59 पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा गाउँपालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | | |
| ११ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकामा ३३ जना कर्मचारी करारमा राखी वर्षभरीमा रु.70,50,000 खर्च लेखेको छ । दरबन्दी स्वीकृति वेगर करार सेवामा कर्मचारी भर्ना गर्ने पद्धतिलाई नियन्त्रण गर्नु पर्दछ । | | |
| १२ | | | **कल्याण कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस कल्याणकारी कोषको व्यवस्था गरेको छैन । ऐनको व्यवस्थाको पालना गर्नु पर्दछ । | | |
| १३ | | | **तलबी प्रतिवेदन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८८ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरुको शुरु तलव तलव प्रदेश सरकारले तोके बमोजिम र त्यसरी नतोके सम्म नेपाल सरकारले तोके बमोजिम हुने व्यवस्था छ । तलबी प्रतिबेदन आन्तरिक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले पालिका अन्तरर्गतका (विषयगत बाहेक) कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | | |
| १४ | | | **वडा सचिवको पदपूर्ति**<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।रिक्त दरवन्दीको पदपुर्ति गरी वडा प्रशासन प्रभावकारी बनाउनु पर्दछ । | | |

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ७ | ७ | 5 | 2 |

१५

**सेवा प्रवाह स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार 13 वटा ऐन, 4 वटा नियमावली र 23 बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष गाउँपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :


https://nams.oag.gov.np

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | 1528 |
| मृत्युदर्ता | 172 |
| बसाईसराई दर्ता | 460 |
| विवाह दर्ता | 238 |
| सम्बन्धविच्छेद दर्ता | ० |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ० |
| ग्राभेल सडक मर्मत | ० |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

१६ **योजना छनौट र कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७7÷७8 को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।


https://nams.oag.gov.np

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| 32 | 61 | 81 | 18 | 23 | 215 |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु ५० हजार देखि देखि 7० लाख सम्मका 215 वटा योजना संचालन गरेकोमा रू.१ लाख भन्दा मुनिका मात्र 32 वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

१७

**लेखापरीक्षण प्रतिवेदन उपर छलफल**

लेखापरीक्षण ऐन २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने व्यवस्था छ ।जस अनुसार स्थानीय तहले सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको वैठकमा पेश सम्म गरेको देखीयो । लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थाकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ ।

१८

**कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३५ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म 13 वटा ऐन, 4 वटा नियमावली, लगायत 40 वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । स्थानीय तहको विधायिकी अधिकारको प्रभावकारी कार्यान्वयन हुनु पर्दछ ।

१९

**कार्य संचालन कार्यविधि**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ स्थानीय तहको कार्य क्षेत्र निर्धारण गरेको छ र दफा १२ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र अन्तर्गतको काम कर्तव्य र अधिकार प्रयोग गर्न आवश्यक कानून कार्यविधि तथा मापदण्ड बनाई लागु गर्नु पर्ने व्यवस्था छ । पालिकाले ऐनको उल्लिखित प्रावधान अनुरुप कार्यविधि तथा मापदण्ड नबनाई निम्नानुसार कार्यक्रम संचालन गर्दै आएको छ । कार्यपालिका बाट कार्यविधि स्वीकृत गराएर कार्य गर्नु पर्दछ

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>क्र स</th><th>कार्यक्रमको नाम</th></tr>
<tr><td>१</td><td>टुहुरा वालवालिका छात्रवृत्री कार्यक्रम</td></tr>
<tr><td>२</td><td>युवा सशक्तीकरण कार्यक्रम</td></tr>
<tr><td>३</td><td>महिला सँग उपाध्यक्ष कार्यक्रम</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>न्यायिक समिति<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेकोमा यो बर्ष 3 विवाद दर्ता भएकोमा 3 वटै विवाद फछ्र्यौट भएको विवरण पेश भएको छ ।</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>पदाधिकारी सुविधा<br>सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा पदाधिकारी सुविधा सम्बन्धमा ऐनको अनूसूचि १(क),१(ख),१(ग) मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । पालिकाले पदाधिकारी ईन्धनबापत रु.7,98,906 खर्च लेखको छ । उक्त ऐन बिपरित गाउँपालिका अध्यक्ष श्री कमल बहादुर गड्सिलाले अनुसूचि १ (क) को ९ अनुसार सवारी र सो मा लाग्ने इन्धन पालिकाबटै सुविधा लिएतापनि पुन इन्धनमा मासिक रु.13125 को दरले वार्षिक रु.157500 सुविधा लिएको देखिन्छ । ऐन नियम बिपरित लिएको दोहोरो सुविधा निजबाट असूल हुनुपर्ने रु.</td><td>१५७,५००</td></tr>
<tr><td>२२</td><td></td><td></td><td>पदाधिकारी भ्रमण<br>सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा पदाधिकारी सुविधा सम्बन्धमा ऐनको अनूसूचि १(क) मा उल्लेख भएको सूविधामात्र भ्रमण खर्च दिन मिल्ने व्यवस्था छ । पालिकाले गाउँपालिका अध्यक्ष श्री कमल बहादुर गडसिलाको नाममा निम्न मिति र स्थानमा दैनिक भ्रमण खर्च लेख्दा दोहोरो परेकोले दोहोरो भुक्तानी वापतको उक्त रकम असुल हुनुपर्ने रु.</td><td>१३,४००</td></tr>
</table>

| भौ.नं/मिति | भ्रमण अवधि | भ्रमण स्थान | भुक्तानी रकम | दोहोरो परेको रकम |
|---|---|---|---|---|
| 738/078/3/29 | 2078/2/18 देखि २४ सम्म | दिपायल | 11400 | |
| 738/078/3/29 | 2078/2/18 देखि २१ सम्म | दिपायल | 6600 | 6600 |
| 739/078/3/29 | 2078/3/5 देखि १८ सम्म | दिपायल | 10000 | |
| 729/078/3/29 | 078/3/4 देखि ९ सम्म | दिपायल | 6800 | 6800 |
| | **जम्मा** | | | **13400** |

२३

**पदाधिकरी अनुगमन भत्ता**

सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा पदाधिकारी सुविधा सम्बन्धमा ऐनको अनूसूचि १(क)5 मा आफ्नो स्थानीय तहभित्र समन्वय तथा सहजिकरण वापत मासिक भत्ता दिन मिल्ने व्यवस्था छ । छनौट गरी परीक्षण गरिएको भौरमा निम्न पदाधिकारीले आफ्नो स्थानीय तहभित्र अनुगमन गरेको भनि दैनिक भ्रमण खर्च लेखेकोले ऐन विपरीतको उक्त सुविधा असुल हुनुपर्ने रु.

| भौ.न/मिति | पदाधिकारीको नाम | अनुगमन स्थल/मिति | अनुगमन भत्ता |
|---|---|---|---|
| 729/078/3/29 | श्री कमल बहादुर गड्शिला | सात्फरी,गड्डुवा सिमचौर/078/3/4देखि ९ सम्म | 6800 |
| | श्री भगवति देवि बम | सात्फरी,गड्डुवा सिमचौर/078/3/4देखि ९ सम्म | 6800 |
| **जम्मा** | | | **13600** |

१३,६००

२४

**स्थानीय तहका पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रू. ३७ लाख ७३ हजार १२५ सुविधा वापत भुक्तानी भएको छ ।


https://nams.oag.gov.np

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष ७ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य २३ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | 0 | 0 | 0 | 0 | 0 | 0 |
| २ | यातायात खर्च | 157500 | 108000 | 168000 | 0 | 0 | 433500 |
| ३ | टेलिफोन,मोबाइल | 72000 | 60000 | 378000 | 216000 | 828000 | 1554000 |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | 60000 | 54000 | 336000 | 216000 | 0 | 666000 |
| ५ | समन्वय तथा सहजीकरण | 108000 | 84000 | 504000 | 360000 | 1380000 | 2436000 |
| ६ | अतिथि सत्कार | 120000 | 108000 | 588000 | 0 | 0 | 816000 |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | 42000 | 36000 | 336000 | 144000 | 0 | 558000 |
| ८ | चाडपर्व खर्च | 25000 | 22500 | 112000 | 54000 | 161000 | 374500 |
| | **जम्मा** | **584500** | **472500** | **2422000** | **990000** | **2369000** | **6838000** |

२५

**खाना तथा विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले यस वर्ष खाना तथा विविधतर्फ निम्न होटलको विल मात्र प्रयोग गरी प्रयोजन, कसले खाना खाजा खाएको हो सो नखुलाई रू.1210160 खर्च गरेको छ । छनौट गरी परीक्षण गर्दा देखिएका केही उदाहरणहरु निम्न छन् ।

| भौ.न/मिति | होटलको नाम | भुक्तानी रकम | विषय | कैफियत |
|---|---|---|---|---|
| 200/07712/7 | घटला होटल | 52000 | खाना,नास्ता | प्रयोजन नखुलाएको |
| 717/078/3/28 | आर.वि एण्ड वि जनरल स्टोर | 51210 | चामल,तेल,पिठो लगायतको सामान | प्रयोजन नखुलाएको |
| 713/078/3/28 | अस्मिता किराना पसल | 14870 | चामल,तेल,पिठो लगायतको सामान | प्रयोजन नखुलाएको |
| 329/078/3/28 | अस्मिता किराना पसल | 291730 | खाना,नास्ता,मासु | प्रयोजन नखुलाई कन्टीजेन्सीबाट खर्च लेखेको |
| 702/078/3/28 | जनप्रिय होटल एण्ड लज | 32890 | खाना,खाजा | प्रयोजन नखुलाएको |
| 705/078/3/28 | होटल घटला | 25700 | खाना,खाजा | प्रयोजन नखुलाएको |
| 330/078/3/28 | अस्मिता किराना पसल | 82180 | चामल,दाल | प्रयोजन नखुलाई कन्टीजेन्सीबाट खर्च लेखेको |
| 706/078/3/28 | भुपेन्द्र होटल एण्ड किराना पसल | 67000 | खाना,खाजा | प्रयोजन नखुलाएको |
| 671/078/3/29 | होटल घटला | 139280 | खाना,खाजा | प्रयोजन नखुलाएको |
| 279/077/11/30 | जनप्रिय होटल एण्ड लज | 27475 | खाना,खाजा | प्रयोजन नखुलाएको |
| 191/077/11/6 | विक्रम किराना एण्ड नास्ता पसल | 42340 | खाना,खाजा | प्रयोजन नखुलाएको |
| 57/077/7/1 | विक्रम किराना एण्ड नास्ता पसल | 51295 | खाना,खाजा | प्रयोजन नखुलाएको |
| 56/077/7/1 | | 68635 | | |

| | | | | |
|---|---|---|---|---|
| | भुपेन्द्र होटल | | खाना,खाजा | प्रयोजन नखुलाएको |
| 697/078/3/28 | स्वागत होटल | 68635 | खाना,खाजा | प्रयोजन नखुलाएको |
| 54/077/7/21 | विक्रम किराना पसल एण्ड चिया नास्ता पसल | 133270 | खाना,खाजा | प्रयोजन नखुलाएको |
| 714/078/3/28 | भुपेन्द्र होटल एण्ड किराना पसल | 61650 | खाना,खाजा | प्रयोजन नखुलाएको |
| **जम्मा** | | **1210160** | | |

२६

**आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष 65 जनालाई रु.13,00,000 आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

२७

**अनुदान फिर्ता** २०५,५५४

समपुरकअनुदान सम्बन्धी कार्यविधि २०७५ दोस्रो संसोधनतथा विशेष अनुदान सम्बन्धी कार्यविधि २०७५ मा संघ तथा प्रदेशले स्थानीय तहलाई प्रदान गरेको अनुदान आर्थिक वर्षको अन्त्य सम्म खर्च हुन नसकेमा बाकी खर्च हुन नसकेको रकम क्रमस संघीय संचित कोष र प्रदेश संचीत कोषमा फिर्ता गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष निम्नानुसार अनुदान प्राप्त गरेकोमा खर्च नभै बाकी रकम फिर्ता गर्न वाँकी रहेकोले संघीय संचितकोषमा फिर्ता गर्नु पर्ने रु.

| विवरण | प्राप्त अनुदान को.ले.नि.का विवरण | कुल खर्च | फिर्ता भएको रकम | फिर्ता गर्न वाँकी रकम |
|---|---|---|---|---|
| संघीय सशर्त अनुदान | 225408620 | 193859279.3 | 31343786.64 | 205554 |

२८

**अनुगमन प्रतिवेदन**

विशेष अनुदान सम्बन्धी कार्यविधि २०७५ को बुँदा नं ११ मा विशेष अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले नियमित अनुगमन गर्नुपर्ने र सोको अनुगमन प्रतिवेदन तथा चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयग मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । पालिकाबाट संघ तथा प्रदेश विशेष अनुदान अन्तर्गत संचालन भएका

योजनाहरु कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन । नियमानुसार अनुगमन गर्ने तथा प्रतिवेदन प्रणालीलाई संस्थागत गर्नु पर्दछ ।

२९ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ
ध्यान दिनुपर्दछ ।

३० **अन्य कार्यालयको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन । पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ। यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| क्र स | कार्यलय वा संस्थाको नाम | कामको प्रकृतिको | भुक्तानी रकम |
|---|---|---|---|
| १ | डोटी क्याम्पस, डोटी | भौतिक संरचना निर्माण | 498333 |
| २ | बहिरासंघ, डोटी | दोभाशे शिक्षा तथा जनचेतना | 192280 |
| 3 | एकता वहु उदेश्य सहकारी | कम्प्यूटर खरीद | 624792 |
| 4 | जिल्ला प्रशासन कार्यालय, डोटी | गाडी मर्मत | 48249 |

३१ **बार्षिक खरिद योजना।गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक

<table>
<tr><td></td><td></td><td></td><td>१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू. १४ करोड ९० लाख 7८ हजारको पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>अधुरो कार्यको बजेट<br>आर्थिक कार्यविधि नियमावली २०६४ को नियम १९ मा प्रत्येक कार्यालयले बजेट दिग्दर्शनको अधिनमा रहि आफ्नो उद्देश्य अनुरुप कार्य सम्पादन गर्न लक्ष्य निर्धारण गरी सोको अधिनमा रहि आगामी आर्थिक वर्षको लागि बजेट तर्जुमा गर्नु पर्ने व्यवस्था छ । योजना सम्पन्न हुने र सार्वजनिक स्रोतबाट निर्मित संरचनाको उपयोग हुन सक्ने गरी बजेट तथा योजना तर्जुमा गर्नु पर्नेमा पालिकाबाट यो वर्ष ठेक्का/उपभोक्ता समिति मार्फत कार्यान्वयनमा आएका कतिपय योजनाहरु अधुरो अवस्थामै छाडिएको र आर्थिक वर्ष २०७8।७9 मा समेत कुनै बजेट विनियोजन नभै अधुरो संरचना उपयोग विहिन बनेको छ । अधुरो अवस्थामा छाडिएका केही योजनाहरु उदाहरणार्थ निम्नानुसार छन । हाल सम्म ठेक्काको म्याद थप भएको छैन । सम्झौता अनुसार उक्त कार्य सम्पन्न गर्न विलम्ब शुल्क लिई म्याद थप मार्फत कार्य सम्पन्न गरि खर्च भएको बजेटको सदुपयोग हुनु पर्दछ ।
<table>
<tr><th>क्र स</th><th>योजनाको नाम</th><th>लागत अनुमान</th><th>भुक्तानी भएको रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>कानचौर स्वास्थ्य चौकी भवन</td><td>6839173</td><td>2068367</td><td>पिल्लर उठाउने सम्मको मात्र कार्य गरेको</td></tr>
<tr><td>2</td><td>मष्टेश्वर माध्यमिक विद्यालय</td><td>7000000</td><td>1400000</td><td>फाउन्डेसनको मात्र काम भएको</td></tr>
</table></td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>आयको अनुमान<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू. 2१,००,००० आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७7।७8 मा रू. 24,59,713 आय प्राप्त गरेको छ । पालिकाले भ्रमण खर्चमा रु.36,77,700 खर्च लेखेको छ अर्थात आन्तरीक आम्दानीको झण्डै दुई गुडा भ्रमणमा खर्च लेखेको छ । आयको वास्तविक अनुमान गरी आम्दानीका अन्य स्रोतको पहिचान मार्फत आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>मुल्य अभिवृद्धि कर दाखिला नगरेको<br>34/077/12/31 आर्थिक ऐन,2076 ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले 2077/2/16 देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मुल्यअभिवृद्धि कर रकमको ५० प्रतशत राजस्व शीर्षकमा र वाँकी ५० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय घटना तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली व्यवस्थित गर्न गडतोला ट्रेडर्स (602071172) संग सिलबन्द दरभाउपत्रबाट विभिन्न ल्यापटप कम्प्युटर, प्रिन्टर र स्क्यानर रु.728000 मा</td><td>४१,८७६</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | खरिद गरेको को जिन्सी दाखिला गर्दा स्पेशिफिकेशन नखुलाई दाखिला गरेको छ । साथै उक्त आपूर्तकलाई सतप्रतिशत रु.83752 नै मुल्यअभिवृद्धि कर भुक्तानी भएकोले नियमानुसार 50 प्रतिशतलेहुने रु.41876 कट्टी गरेको नदेखिएकोले उक्त रकम सम्बन्धित राजश्व खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु. | |
| ३५ | | | **आन्तरिक आय**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०77।७8 मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><table><tr><td>केन्द्रीय अनुदानबाट खर्च</td><td>आन्तरिक आय</td><td>आन्तरिक आय प्रतिशत</td></tr><tr><td>382716140.84</td><td>2459713</td><td>0.63</td></tr></table>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा 0.63 प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३६ | | | **विभाज्य कोष**<br>प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यथार्थ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडफाड गर्नुपर्दछ । | |
| ३७ | | | **राजश्व अभिलेख**<br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख गाउँपालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो । | |
| ३८ | | | **राजश्व दाखिला** | |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रदेश आर्थिक कार्यविधि ऐन अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ७ वटा वडा कार्यालय, विभिन्न शाखा तथा गाउँपालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| ३९ | | | **डोजर भाडा असुली**<br>गाँउपालिका र उपभोक्ता समिति बीच पालिकाको एक्साभेटर भाडामा लिने सम्झौतामा भाडा दर न्यूनतम प्रति घण्टा रु १५००।०० तोकिएको छ । पालिकाले पेश गरेको विवरणमा डोजरमा भएको खर्च रु.5,10,050 (अपरेटर,मर्मत समेत) खर्च भएको विवरण पेश गरेतापनि गाँउपालिकाले उपभोक्ता समितिलाई आफ्नो डोजर भाडामा लगाउदा प्रयोग भएको लगबुक सहितको समय र भाडामा लिने व्यक्ति तथा निकायगत विवरण लेखापरीक्षणको समयमा पेश नभएकोले डोजर भाडा वापतको आम्दानी एकिन हुदैन । राजस्व सृजना गर्ने मेशिन तथा उपकरणहरुको विवरण अद्यावधिक गर्नु पर्दछ । | |
| ४० | | | **सवारी कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०77।78 मा गाउँपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभावकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ४१ | | | **मनोरञ्जन कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०77।78 मा गाउँपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस गाउँपालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| ४२ | | | **व्यवसाय कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ। आर्थिक वर्ष २०77।78 मा गाउँपालिकाले यस शीर्षकमा रु.23500 असुली गरेको विवरण पेश गरेको छ । गाउँपालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। तसर्थ पालिकाले आप्**m**नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४३ | | | **प्राविधिक विल र कार्य सम्पन्न**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्मस् अनुसार बिलमा खुलाउनु पर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्मस अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ४४ | | | **लागत सहभागिता**<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ४५ | | | **हेभि इक्विपमेन्ट प्रयोग**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । | |
| ४६ | | | **जटिल संरचना निर्माण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फmत् गराउन उपयुक्त हुने देखिन्छ । | |

| | | | | |
|---|---|---|---|---|
| ४७ | | | **औषधि खरिद**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । गाउँपालिकाले कोटेशन माग गरी रु.25,50,000 को औषधी सोझै खरीद गरेको छ ।<br>औषधि खरिद सम्बन्धमा राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको औषधीको मुल्य अनुसारको ओषधि खरीद कार्य नगरेको, समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट Specification अनुसार परीक्षण गरेर जिन्सी दाखीला गर्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने लेवलमा खुलाएको प्रमाण समावेश नभएकोले तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन गरी औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारेर जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ४८ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजागरी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा बाटो निर्माण, गोरेटो बाटो निर्माण लगायत 20 कार्यक्रम सञ्चालन गरी 326 जनालाई न्यूनतम 15 दिन देखि अधिकतम 100 दिन रोजगारी उपलव्ध गराई श्रमिक ज्याला, प्रशासनिक खर्च र कार्यक्रम खर्च समेतमा रू.94,91,383 खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा सो वेगर वजेट खर्च भएको छ । | |
| ४९ | | | **बढि निकासा**<br>शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यक भन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गर्ने व्यवस्था छ । प्राप्त तलवी प्रतिवेदन र तलव बुझेको भरपाई भिडाउँदा सरस्वती आधारभुत विद्यालयमा माग फाराम बमोजिम तेस्रो चौमासिकमा रु.3,20,338 निकासा दिनु पर्नेमा रु.3,43,152 निकासा दिएकोले वढी निकासा असुल हुनुपर्ने रु. | २२,८१४ |
| ५० | | | **बढि ग्रेड भुक्तानी** | १२,५९५ |

| | | | | |
|---|---|---|---|---|
| | | | शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गर्ने व्यवस्था छ । प्राप्त तलवि प्रतिवेदन र तलव बुझेको भरपाई भिडाउँदा खत्याडी मा.वि का शिक्षक श्री निर्मला कुमारी चन्दको १ ग्रेड रु.887 वढी निकासा भएकोले दसै खर्च र थप संचयकोष समेत वढी निकासा भएको रकम असुल हुनुपर्ने रु. | |
| ५१ | | | **फिल्ड भत्ता**<br>स्वास्थ्य तर्फको सघीय सशर्त अनुदान बजेट खर्च गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट जारी गरिएको आर्थिक वर्ष 2077/078 मा सशर्त अनुदान तर्फ स्थानीय तहवाट कार्यान्वयन गरिने स्वास्थ्य सम्बन्धि कार्यक्रमहरुका लागि सञ्चालन मार्ग दर्शन अनुसार खर्च गर्नु पर्दछ । गाउँपालिकाले अ.न.मि श्री यशोदा उपाध्यलाई १२ महिनाको रु.2700 का दरले रु.32400 फिल्ड भत्ता भुक्तानी गरेको छ । यसरी फिल्ड भत्ता वितरण गर्न पाउने आधार र फिल्डमा खटीएको हाजीरी प्रामाणित विवरण पेश गर्नु पर्ने रु. | ३२,४०० |
| ५२ | | | **सेनेटरी प्याडको उपयोग**<br>शिलबन्दी दरभाउको आधारमा एन.पी. ट्रेडर्स एण्ड सप्लायर्ससँग सम्झौता गरी रू.8,61,941 (भ्याट बाहेक) बराबरको 17,242 थान सेनीटरी प्याड खरीद भएको छ । वार्षिक रुपमा प्रयोगमा ल्याउने गरी खरीद एवं वितरण गर्नुपर्ने उक्त स्वास्थ्य सामाग्री आर्थिक वर्षको अन्तिम महिनामा खरीद गरिएको तथा उक्त सामाग्री लेखापरीक्षण समयसम्म पनि कार्यालयमा मौज्दात रहेकोले विद्यार्थीले आवश्यकता अनुरुप प्रयोग गर्न नपाउने स्थिती देखियो । यस्ता सामाग्री शैक्षिक सत्र सुरु हुँदाको समयमा खरीद गरी उपयोग हुनुपर्दछ । | |
| ५३ | | | **अनुगमन प्रतिवेदन**<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७।७8 को सि.नं. ९.८ र ९.७ अनुसार माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान कार्यक्रम र ICT Lab, पुस्तकालयका लागि अनुदान कार्यक्रममा विद्यालयबाट प्रस्ताव माग गरी उक्त प्रस्तावका आधारमा विद्यालय छनौट तथा सम्झौता गरी एकमुष्ट रू. ६लाख ५० हजार अनुदान दिने र सम्झौता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गरी कार्यप्रगति पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायबमोजिमका विद्यालयलाई अनुदान दिँदा विद्यालयसँग भएको सम्झौतामा के कति कार्य गर्ने, कुन कुन सामाग्री खरीद गर्ने लगायतका विषयहरु उल्लेख नभएकोले तोकीएको कार्यक्रममा खर्च भए नभएको सम्बन्धमा फोटो सहितको अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रू. | १,९५०,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><th>भौ.न/मिति</th><th>विद्यालय</th><th>रकम</th></tr><tr><td>299/077/9/11</td><td>दर्जाकोट मा.वि</td><td>650000</td></tr><tr><td>238/078/3/9</td><td>मष्टेश्वर मा.वि</td><td>650000</td></tr><tr><td>311/078/3/28</td><td>कर्कटेश्वर मा.वि</td><td>650000</td></tr><tr><td>**जम्मा**</td><td></td><td>**1950000**</td></tr></table> | |
| ५४ | | | **कन्टिजेन्सी खर्चको अभिलेख**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट २ देखि ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७7/७8 मा कन्टीन्जेन्सी बापत रु 33,38,558 कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| ५५ | | | **बढी दर विश्लेषण**<br>सार्वजनिक खरिद नियमावली, 2064 को नियम 10(4) मा सार्बजनिक निकायले लागत अनुमान तयार गर्दा निर्माण सामाग्री,मेशिन,उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । पालिकाले जिल्ला दररेट प्रयोग गरेको छ । डोटी जिल्लाको अदक्ष कामदारको जिल्ला दररेट रु.600 रहेको छ । तर पालिकाले Stone masonary को कार्य गर्दा अदक्ष कामदारको दर रु.880 राखि रु.4689.6 दर विश्लेषण गरेको र सोही आधारमा भुक्तानी गरेको छ तर जिल्ला दररेट अनुसारको दर विष्लेषणको वास्तविक दर रु.4269.6 हुनु पर्नेमा वढी दर विश्लेशण भई सोही अनुसार भुक्तानी भएको देखिन्छ । नमूना छनौटका आधारमा परिक्षण गरिएका भौचरको विवरण निम्न छ । अन्य योजनामा उक्त कार्यमा वढी भुक्तानी भएकोमा पालिकाले एकिन गरि दाखिला गर्नुपर्ने रु. | १२५,००३ |

| भौ.न/मिति | योजनाको नाम | कार्य परिमाण | भुक्तानी भएको रकम | हुनुपर्ने रकम | वढी रकम |
|---|---|---|---|---|---|
| 137/078/2/25 | कर्कटेश्वर मा.वि पर्खाल निर्माण | 141.96 घ.मि | 665735 | 606112 | 59623 |
| 191/078/3/13 | भराड घर निर्माण | 29.79 घ.मि | 139703 | 127191 | 12511 |
| 246/078/3/20 | डाम्सिगाड ठूलाखेला नादेउ सिंचाई | 17.10 घ.मि | 80192 | 73010 | 7182 |
| 336/078/3/28 | ओवादेउ आधारभूत विद्यालय | 108.78 घ.मि | 510134 | 464447 | 45687 |
| **जम्मा** | | | | | **125003** |

५६ **कार्य नगरी भुक्तानी** ६५,०६५

**205/078/3/15** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । बिचचाल्सा देखि केदारअखडा मा.वि सम्म 160 मिटर पक्कि बाटो उपभोक्ता समिति मार्फत गराउँदा निम्न कार्यमा Sid drain को कार्य गरेको भनि प्राविधिकको नापि किताव र कार्य सम्पन्नमा देखाएकोमा स्रेस्ता साथ पेश गरेको फोटोमा उक्त कार्य गरेको देखिदैन । तसर्थ कार्य नै नभएको नापि देखाउने तथा कार्य सम्पन्न प्रतिवेदन वनाउने प्राविधिकलाई जिम्मेवार वनाई असुल हुनुपर्ने रु.

| कार्य | कार्य परिमाण | दर | जम्मा |
|---|---|---|---|
| Earth work of side drain | 19.20 घ.मि | 309 | 5933 |
| Stone soling of side drain | 5.85 घ.मि | 3538.08 | 20698 |
| PCC of side drain | 2.6 घ.मि | 14782.16 | 38434 |
| **जम्मा** | | | **65065** |

५७ **सार्वजनिक परीक्षण**

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबर्द्वन भएको देखिएन । नियमानुसार योजना तथा कार्यक्रमको सार्वजनिक परीक्षण तथा सामाजिक परीक्षण हुनु पर्दछ । | |
| ५८ | | | **सडक मर्मत समूह(RMG)**<br>पालिकाले साविक स्थानीय विकास सडक मर्मत कर्मचारीहरुलाई पालिका भित्रको सडक मर्मत गर्न फिल्ड सहायक १ जना रु.18000 र अन्य ३१ जनालाई दैनिक रु.565 को दरले मासिक १३ दिन काम गर्ने गरी यस वर्ष ज्यालादारी तलव भत्तामा जम्मा रु.2948340 खर्च लेखेको छ । गत वर्ष सम्म उक्त कर्मचारीको ज्याला भुक्तानी गर्न सडक वोर्ड नेपालबाट अनुदान प्राप्त हुने गरेकोमा चालु वर्ष देखि अनुदान रोकिएको देखिन्छ । पालिका भित्रका सडक वाह्रै महिना पूर्णरुपमा सञ्चालन नहुने र कुन कामदारले कुन सडक कहा देखि कहा सम्म मर्मत गर्नुपर्नेहो सो नखुलाई एकमुष्ठ १३ दिनको डोरहाजिरको आधारमा खर्च लेखि पालिकालाई वढि व्यभार पारेको देखिन्छ । स्पष्ट आधार र आवश्यकता पहिचान नगरि गरिएको यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ । | |
| ५९ | | | **महङ्गि भत्ता**<br>स्थानीय विकास तथा सामान्य प्रशासन मन्त्रालयको २०७४/१/२१ को निर्णयानुसार करार कर्मचारीहरुला्इ तोकिय बमोजिमको सुविधा दिनुपर्ने व्यवस्था छ । पालिकाले उक्त निर्णयमा उल्लेख नभएको सुविधा (महङ्गी भत्ता) करार सेवामा कार्यरत कर्मचारीहरुला्इ उपलब्ध गराएको पाइयो । सामान्य प्रशासन मन्त्रालयको निर्णयको विपरीत भुक्तानी भएको करार कर्मचारीहरुको महङ्गी भत्ता सम्बन्धित कर्मचारीहरुबाट असुल हुनुपर्ने रु. | ८९,१०० |

| पद/नाम | भुक्तानी रकम (कर बाहेक) | महिना | जम्मा |
|---|---|---|---|
| सव.ई. श्री नवराज जोशी | 1980 | 9 | 17820 |
| अ.सव.ई. श्री गणेश प्रसाद जोशी | 1980 | 9 | 17820 |
| का.स. श्री गणेश बहादुर बोहोरा | 1980 | 9 | 17820 |
| का.स. श्री महेश गड्शिला | 1980 | 9 | 17820 |
| ह.स.चा.श्री शास राम मगर | 1980 | 9 | 17820 |
| **जम्मा** | | | **89100** |

| | | | | |
|---|---|---|---|---|
| ६० | | | **सट्टा शिक्षक भुक्तानी**<br>कार्यक्रम कार्यान्वयन निर्देशिका २०७६ अनुसार शिक्षक दरवन्दिका आधारमा चौमासिकरुपमा विद्यालयहरुलाई तलव निकासा दिनु पर्ने व्यवस्था छ । गाउँपालिकामा स्रोत शिक्षकको स्वीकृत दरवन्दी छैन भने शिक्षाका अन्य मिल्दो दरवन्दिमा समेत पद पुर्ति भएको देखिन्छ । स्रोत शिक्षक श्री खेम बहादुर साउद गाउँपालिकाको कर्कटेश्वर माध्यमिक विद्यालयमा दरबन्दि भई सोही विद्यालयबाट तलव भत्ता भुक्तानी भएको देखिन्छ । निज गाउँपालिकामा काज आउदा उक्त विद्यालयमा शिक्षक नभएको र सट्टा सिक्षक श्री शेर वहादुर विक नियुक्ति गरी गाउँपालिकाबाट वर्ष भरी तलव भत्ता वापत कुल जम्मा रु.3,00,000 अनुदान निकासा भएकोले नियम विपरित सट्टा शिक्षक राखि पालिकाबाट खर्च भएको कर बाहेकको उक्त रकम सट्टा सिक्षक राखि खर्च सम्बन्धित व्यक्तीवाट असूल हुनुपर्ने रु. | २९७,००० |
| ६१ | | | **बढी भुक्तानी**<br>490/078/3/13 आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व निमायवली, 2077 को नियम 39(5)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गरी खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा नं 7 का जेष्ठ नागरिक सम्मान कार्यक्रममा वितरण गर्न 352 थान दोसल्ला प्रति थान रु.375 को दरले रु.1,23,000 खर्च लेखेकोमा जम्मा ७२ जना जेष्ठ नागरिकहरुलाई सल र दोसल्ला वितरण गरेको भरपाई खर्च स्रेस्तासाथ राखेको देखिन्छ । लेखापरीक्षणको समयमा बाँकि जिन्सि मौज्दात तथा वाँकिको वितरण भरपमाई पेश नभएकोले 208 दोसल्लाको रकम जिम्मेबार पदाधिकारीबाट असुल हुनुपर्ने रु. | ४३,२६४ |
| ६२ | | | **भ्रमण खर्च**<br>सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br>· अधिकांश भ्रमणको उद्वेश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>· नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>· भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>· कतिपय भ्रमणहरु गाउँपालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>· स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्वेश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ६३ | | | **दोहोरो भत्ता**<br>**346/078/3/29** भ्रमण खर्च नियमावली, 2064 को नियम ७(11) मा प्रचलित कानून बमोजिम अन्य छुट्टै भत्ता पाउने व्यवस्था भएकोमा यस नियम बमोजिमको भत्ता नपाउने व्यवस्था छ । गाउँ कार्यपालिकाको बैठकबाट प्राविधिक कर्मचारीहरुलाई सरकारी कामकाजको लागि गाउँपालिका क्षेत्र भित्र भ्रमण गरे बापत तोकिय बमोजिमको फिल्ड | १५,००० |

भत्ता निर्णय अनुसार पालिकाका प्राविधिक कर्मचारीहरुलाई दिएको देखिन्छ । तर ई.मिन बहादुर कुँवरले 2078/3/15 देखि २१ गते सम्म दिर्घामाण्डौ सात्फरी र 2078/3/7 देखि १३ गते सम्म केदारअखडा कानाचौर भ्रमण गर्दा रु.15000 खर्च लेखेकोले नियम विपरित दोहोरो भत्ता असुल हुनुपर्ने रु.

६४

**बढी भ्रमण खर्च** १५,२००

**672/078/3/26** भ्रमण खर्च नियमावली, 2064 नियम 7 को (६क) मा सात दिन भन्दा वढी अवधीको लागि काज खटाउनु पर्ने भएमा भ्रमण आदेश गर्ने पदाधिकारीले कारण खोली काजमा खटाउन पाउने व्यवस्था छ । त्यस्तै (६ख) मा उपनियम (६क) को अबधि भन्दा बढी अवधिको लागि अनुसूची-२ बमोजिमको दैनिक भत्ताको पचास प्रतिशत रकम मात्र भ्रमण खर्च पाउने व्यवस्था छ । मेडिकल अधिकृत डा.श्री संजिव कुमार यादव काठमाण्डौ मेडिकल अस्पतालमा सुरक्षीत गर्भपतन सम्बन्धि तालिममा 2077/11/27 देखि 13 गते सम्म १५ दिनको दैनिक भ्रमण भत्ता स्वीकृत गरी भ्रमण गरेकोमा थप ११ दिनको भ्रमण आदेश स्वीकृत नगरी भ्रमण खर्च बापत रु.47,400 भुक्तानी भएकोले ११ दिनको दैनिक भ्रमण भत्ता स्वीकृत प्रमाण पेश हुनुपर्ने साथै नियमावली बमोजिम १९ दिनको पचास प्रतिशतले हुने रु.15,200 भ्रमण गर्ने पदाधिकारीबाट असुल हुनुपर्ने रु.

६५

**गरिब सँग अध्यक्ष कार्यक्रम** ८६,८८०

गरिवसंग अध्यक्ष कार्यक्रमलाई नियमित र व्यवस्थित गर्ने सम्बन्धि कार्यविधि 2076 को नियम ४ अनुसार अति विपन्न, विधवा घरमूली, एकल महिला, जनजाती, अल्पसंख्यक र अन्य गरि प्राथमिकलाका आधारमा लागग्राही छनौट गरी निर्देशक समिति समक्ष सिफारिस गर्ने र समितिले स्वीकृत कार्यक्रम र प्राविधिक इष्टिमेटका आधारमा अन्तीम सूची प्रकाशन गर्ने र नियम ५ मा छनैट भएका लाभग्राहीलाई आवश्यक सामाग्री (जस्तापाता,किला,वेन्डिङ र तार) खरिद गर्न पालिकाले अनुदान दिने र कामदार सम्बन्धि अन्य खर्च लाभग्राहीलेनै व्यहोर्नुपर्ने व्यवस्था छ । पालिकाले गत वर्षनै 560 जना लाभगग्राही छनौट गरी सोही वर्ष 178 घर परिवार र चालु वर्षमा 141 जनाको लागि रु.4068160 यस कार्यक्रममा अनुदान वापतको खर्च भएको छ । तर पालिकाले उक्त निर्देशिका विपरित निम्न व्यक्तिलाई कामदार सम्बन्धि खर्च भुक्तानी दिएकोले निर्देशिका विपरितको उक्त रकम खर्च लेख्ने पदाधिकारीबाट असुल हुनुपर्ने रु.

| **भौ.न/मिति** | **वडा** | **भुक्तानी पाउने व्यक्ती** | **रकम** | **कैफियत** |
|---|---|---|---|---|
| 641/078/3/24 | 6 | दीप वहादुर बम र रमेश विक | 50400 | २८ घरहरुको छाना मर्मत गर्न सिकर्मि |
| 574/078/3/21 | 3 | काले कामि र चन्द्रे दमाई | 36480 | घर मर्मत सिकर्मि खर्च |
| **जम्मा** | | | **86880** | |

करिव ५७ प्रतिशत लाभग्राहीले उक्त अनुदानको उपयोग गरेकोमा सम्झौता अनुसारको आवास पुनर्निर्माण अनुदान रकमको सदुपयोग भयो/भएन सम्बन्धमा अनुगमन भएको देखिएन । अनुगमन गरी अनुदानको सही सदुपयोग गर्नुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ६६ | | | **बैठक भत्ता**<br>कार्य सञ्चालन निर्देशिका २०७५ को बुँदा नं 7.1.1 मा बैठकमा आमन्त्रित सदस्यकोरुपमा थप व्यक्तिहरु राख्न नपाइने तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा वढीमा ३ जना सम्म आमन्त्रित सदस्यलाई भत्ता भुक्तानी गर्न सकिने व्यवस्था छ । पालिकाले निम्न वैठकमा निर्देशिकामा भन्दा वढी भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम सम्बन्धित पदाधिकारीबाट असुल हुनुपर्ने रु. | १७,००० |

| **भौ.न/मिति** | **समितिको नाम** | **वैठक मिति** | **समिति सदस्य** | **आमन्त्रित** | **३ जना आमन्त्रित बाहेक अन्यको वैठक खर्च (कर वाहेक)** |
|---|---|---|---|---|---|
| 740/078/3/29 | शिक्षा समिति | 077/5/10 | 8 | 6 | 2550 |
| | | 077/9/22 | 8 | 6 | 2550 |
| | | 077/11/5 | 8 | 17 | 11900 |
| **जम्मा** | | | | | **17000** |

| | | | | |
|---|---|---|---|---|
| ६७ | | | **नर्म्स भन्दा बढी भुक्तानी**<br>अर्थ मन्त्रालयबाट जारी कार्यसञ्चालन निर्देशिका, २०७५ अनुसार गाउँपालिका स्तरमा सञ्चालन हुने सहायकस्तर तथा अन्य तालिम कार्यक्रममा प्रशिक्षक भत्ता वापत प्रति सेशन रु. ६०० र कार्यपत्र वापत रु.700 पाउने साथै सम्बन्धित कार्यालयले संचालन गरेको तालिममा सोहि कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए बापतको पारीश्रमिक नपाउने तर कार्यपत्र बापतको पाउने उल्लेख छ । कार्यालयले देहायका कार्यक्रममा कार्यसञ्चालन निर्देशिकाले तोकेभन्दा बढी भत्ता भुक्तानी गरेकोले बढी भुक्तानी सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु. | ४०,३७५ |

| भौ.नं. र मिति | कार्यक्रमको नाम | प्रशिक्षकको नाम | भुक्तानी रकम | हुनुपर्ने रकम | बढी भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| 741/078/3/29 | शिक्षकको पेशागत तालिम | श्री शेर वहादुर बोगटी<br>श्री खेम वहादुर साउद | 2000<br>1500 | 1300<br>700 | 12495<br>14280 | ७ दिन २१ सेसनको दरले |
| 609/078/3/22 | जनजाती सचेतना तालिम | श्री ज्ञान व. घर्ती मगर | 5000 | 3000 | 1700 | प्रतिवेदन लेखन वापत जम्मा ३००० हुनुपर्ने । |
| 611/078/3/22 | दलित सचेतना तालिम | श्री लाल व. विक | 5000 | 3000 | 1700 | |
| 690/078/3/27 | महिला शसक्तिकरण तालिम | श्री शान्त वहादुर खड्का | 15000 | 3000 | 10200 | |
| जम्मा | | | | | 40375 | |

| | | | | |
|---|---|---|---|---|
| ६८ | | | **दोहोरो भुक्तानी**<br>**690/078/3/27** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व निमायवली, 2077 को नियम 39(5)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गरी खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले 2078/3/23 र २४ मा गाउँपालिका सभाहलमा महिला शसक्तिकरण सम्बन्धि २ दिने तालिम संचालन गर्न कार्यक्रम संचालक श्री तेज बहादुर चन्द र प्रशिक्षक श्री शान्त बहादुर खड्का विच दुई दिन 10 सेसन प्रशिक्षण दिने सम्झौता भई पुर्वीचौकि गाउँपालिका देखि सायल गाउँपालिका सभा हल सम्म आते-जाते यातायात रिजर्भ वापत रु.20,000 खर्च लेखि सके पश्चात 690/078/3/27 भौचरबाट पनि पुन 2078/3/25 गते गाउपालिका सभा हलमा भएको छाउपडि प्रथा सम्बन्धि १ दिने तालिममा सोही सम्झौता प्रयोग गरी गाडि रिजर्भ वापत रु.20,000 खर्च लेखेको देखिन्छ । दिनमा ५ सेसन लिदा सो दिन निज तालिम स्थलमा बसोवास गरेको र अर्को दिन पनि ५ सेसन लिने सम्झौता अनुसार गाडि भाडा आते जाते खर्चमा मितव्यिता देखाएको औचित्यता देखिएन तशर्थ एकै कार्यक्रम एकै व्यक्तिलाई दोहोरो भुक्तानी भएकोले कार्यक्रम सञ्चालकबाट रकम असुल हुनुपर्ने रु. | २०,००० |
| ६९ | | | **प्रमाण विनाको भुक्तानी** | |
| ६९.१ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व निमायवली, 2077 को नियम 39(5)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गरी खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न भौचरबाट भुक्तानी भएको रकमको बिल, भरपाई, प्रमाण र कागजात विना खर्च लेखेकोले छ । | |

| | | | | |
|---|---|---|---|---|
| ६९.२ | | | **204/077/11/10** गाउँपालिका विविध खर्च शिर्षकबाट हेमन्त धामिको नाममा ग्लोवल आईएमई वैंकबाट श्री मिन व.चन्दको नामवाट रु.40,610 डिपोजिट भएकोमा के वापत के कार्यको भुक्तानी भएको हो सो लेखापरीक्षणको समयमा प्रमाण पेश हुन नसकेकोले डिपोजिट गर्ने व्यक्तिबाट असुल हुनुपर्ने रु. | ४०,६१० |
| ६९.३ | | | **231/077/11** मा गाउँपालिका चालु अनुगमन मुल्यांकन शिर्षकबाट प्रेश सल्लाहाकारलाई रु.52,500 गोश्वरा भौचर उठाई खर्च लेखेको छ । तर गाउँपालिकाको रेकर्डमा प्रेश सल्लाहाकार नियुक्ति गरेको देखिदैन । यसरि पालिका संग असम्बन्धित व्यक्तिको नाममा भुक्तानी भएको उक्त रकम असुल हुनुपर्ने रु. | ५२,५०० |
| ७० | | | **सामाजिक सुरक्षातर्फ बढी निकासा**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै नागरिकता नंबर र एउटै जन्ममिति भएका लाभग्राहीलाई २ वा सोभन्दा बढी परिचय पत्र जारी गरेको, मृत्यू भइसकेका लाभग्राहीको लगत कट्टा नगरिएको पाइएको छ। तसर्थ गाउँपालिकाले लाभग्राही लगत अद्यावधिक गरी दोहोरो नामावलि तथा मृतकको नामावलि समयमै लगत कट्टी गर्नुपर्ने देखिन्छ । | |
| ७१ | | | सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ । तर गाउँपालिकाले सो व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) को प्रयोग नगरी हस्तलिखित भपाईको प्रयोग गरी सामाजिक सुरक्षा भत्ता वितरण गरेकोले सो सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका लाभग्राहिहरु सो व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा भएका वास्तविक लाभग्राहि हुन होइनन् यकिन गर्न सकिएन । | |
| ७२ | | | सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नुपर्ने व्यवस्था छ तर गाउँपालिकाले सम्बन्धित वडा समितिको रोहोवरमा सामाजिक सुरक्षा भत्ता वितरण गरेको पाईएन । कार्यविधिको व्यवस्था पालना हुनु पर्दछ | |
| ७३ | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रीय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेखबाट कट्टा गरिने व्यवस्था छ । तर गाउँपालिकाले त्यस्ता प्रकारका नामावलीलाई समयमै लगत कट्टी गर्ने गरेको पाईएन । | |
| ७४ | | | **जिन्सी व्यवस्थापन**<br>यस गाउँपालिका अन्तगर्त रहेका विभिन्न शाखा तथा वडा कार्यालय र कोरोना व्यवस्थापनको लागि खरिद गरेका जिन्सी सामाग्रीहरुलाई गाउँपालिकाको मूल जिन्सी खातामा प्रबिष्ट नगरिनाले गाउँपालिकाद्धारा खरिद गरिएका जिन्सी सामाग्रीहरुको यथार्थ विवरण प्राप्त हुन सकेन । तशर्थ गाउँपालकाबाट खरिद गरिएका सम्पूर्ण जिन्सी सामाग्रीहरुलाई गाउँपालिकाको मूल जिन्सी खातामा प्रबिष्ट गर्नुपर्ने । | |
| ७५ | | | **राहत वितरण**<br>कोरोना जोखिमको समयमा न्यून आय तथा दैनिक ज्याला मजदुर वर्गको लागि परिवार संख्याका आधारमा राहात वितरणको मापदण्ड भएकोमा राहात वितरण भपाईमा परिवार संख्या उल्लेख नगरिनाले राहात वितरणको मापदण्ड अनुसार राहात वितरण भए नभएको एकिन गर्न सकिएन । | |
| ७६ | | | **पेश्की बाँकी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ७४ मा सार्वजनिक निकायले कुनै प्रयोजनको लागि दिइएको पेश्की सो प्रयोजन सम्पन्न भएको मितिले २१ दिन भित्र फछ्र्यौट भै सक्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कामको लागि पेश्कि दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म पेश्की फछ्र्यौट हुन नसकी पेश्की बाकीको विवरण कायम गरेको छ । नियमानुसार पेश्की फछ्र्यौट हुनु पर्ने रू. | १,८२४,८०० |

| भौ.नं/मिति | पेश्की लिनेको नाम | योजनाको नाम | म्याद नाघेको | म्याद ननाघेको |
|---|---|---|---|---|
| 41/077/4/1 | जवराज जोशी | राजपुर चवरा चौतारा सडक | 24800 | |
| 41/077/4/1 | कृष्ण धौचडी आ.वि | विद्यालय पुर्वाधार अनुदान | 600000 | |
| 41/077/4/1 | भगतेश्वर मा वि | विद्यालय पुर्वाधार अनुदान | 600000 | |
| 41/077/4/1 | ओवादेउ आ.वि | विद्यालय पुर्वाधार अनुदान | 600000 | |
| 19/078/3/25 | अमर आ.वि | अमर आ.वि भवन निर्माण | | 231000 |
| 22/078/3/25 | नव ज्योती आ.वि | नव ज्योती आ.वि भवन निर्माण | | 694270 |
| 118/078/3/25 | जनकल्याण आ.वि | विद्यालय पुर्वाधार अनुदान | | 268000 |
| 144/078/3/28 | ओबादेउ आ.वि | पोषण सुधारका लागि अनुदान | | 142000 |
| 149/078/3/28 | कर्कटेश्वर मा वि | विद्यालय पुर्वाधार अनुदान | | 417825 |
| 163/078/3/30 | कानचौर मा वि | विद्यालय पुर्वाधार अनुदान | | 461720 |
| 387/078/3/28 | दर्जाकोट मा वि | राष्ट्रपति शैक्षिक सुधार | | 650000 |
| 389/078/3/28 | कानचौर मा वि | राष्ट्रपति शैक्षिक सुधार | | 650000 |
| 391/078/3/28 | कर्कटेश्वर मा वि | राष्ट्रपति शैक्षिक सुधार | | 650000 |
| 384/078/2/17 | देव सिंह गडसिला | सवारी साधन मर्मत | | 1000 |
| 11/078/3/31 **(मोबिलाइजेशन पेश्की)** | सी एम सी एण्ड प्रसेजा जे भि | गैर आवासिय भवन निर्माण | 29000000 | |
| | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | **जम्मा** | | | **30824800** | **4165815** | |
| ७७ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षणबाट औल्याइका व्यहोरा निम्न छन् । कार्यालयले आन्तरिक लेखापरीक्षणबाट औलाएका देहाय अनुसारका बेरुजूहरु अन्तिम लेखापरीक्षणको अवधिसम्म पनि फछ्यौंट गरेको नपाइएको रू. | | | | | ३,०२७,१९८ |

| भौ.न/मिति | व्यहोरा | रकम |
|---|---|---|
| 251/077/12/16 | विद्यालय स्तरिय अतिरिक्त क्रियाकलाप संचालन गर्नको लागी पेश्कि लिएकोमा लागत अनुमान पेश गरि पेश्की दिनुपर्ने सो नगरेकोले अनियमित देखिएको रु. | 100000 |
| 295/077/12/31 | बोटविरुवा कलमि सम्बन्धि सामान खरिद गरेकोमा सामानको बास्तविक मुल्यभन्दा तिन गुणा बढि सामान खरिद गरेकोमा सामान वितरण भरपाई र दाखिला गरेको नदेखिएकोले भरपाई वितरण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | 86000 |
| 330 | खेम बमलाई रकम भुक्तानी गर्दा आवश्यक विल भरपाई संलग्न नराखेकोले विल भरपाई पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | 58500 |
| 397 | तोरीबारी कृषक समूहलाई रकम भुक्तानी गरेकोमा जलस्रोत सल्लाहाकारको हस्ताक्षर नभएकोले प्रमाण विना भुक्तनी भएको खर्चको प्रमाण पेश हुनु पर्ने अन्यथा असुल हुनुपर्ने रु. | 275661 |
| 431/078/2/27 | एकल बहुउद्देश्यीय सहकारी संस्थाले विम्ब पत्रीकामा सिलबन्दि बोलपत्र नगरेर सामान्य कोटेसनमा ५ लाखभन्दा बढिको खरिदमा लागत अनुमान तयार नगरि सिमा भन्दा वढीको खरिद गरेकोले उक्त रकम अनियमित देखिएको रु. | 624792 |
| 459 | समता मिडिया सेन्टर प्रा.ली लाई विल भरपाई विना भुक्तानी भएकोले उक्त रकम असुलहुनु पर्ने रु. | 19500 |
| 654/356 | गाउँपालिकासँग कुनै सम्झौता नै नगरि दिपा बाख्रापालन बाट रु १८३९४८०। को बाख्रा खरिद गरि वितरण गरेको देखिन्छ । मीलन बाख्रा पालन प्रवर्दन समिति गठन गरि भुक्तानी लिएको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन विपरित पशु शाखा प्रमुखले उक्त समितिको खाता आफ्नो नाममा संचालन गरेको पाइयो । बाख्रा बुझिलिनेको नागरिकताको प्रतिलिपि, मोबाइल नं, फोटो र छनोट प्रक्रीयाको प्रमाणपत्र पेश गनुपर्ने रु. | 1839480 |

| | | |
|---|---|---|
| | महिला विकास सहायक कल्पना कुमारी केसीले महिला समुह गठन तथा परिचालनका लागि रु १४८७८० पेश्की ल्याई कार्यक्रम सञ्चालन गरी दैनिक भत्ता भूक्तानी रु १११००० गर्दा १५ प्रतिशतका दरले हुन आउने रकम करकट्टी गरि राजस्व खातामा दाखिला गर्ने र भौचर पेश गनुपर्ने | 16650 |
| 357/078/3/25 | श्री कालिका सुन्तला पकेट समुहलाई प्रशिक्षणवापत केशव घर्तिमगर रु १२०० र जित वहादुर बमले र रु २४०० लिदा कर कट्टी नगरि भुक्तानी भएकोले कर दाखिला हुनुपर्ने रु. | 540 |
| | इलाका हुलाक कार्यालय गगुडाको लागि खरिद वापत मुस्तकीम भाडावर्तन सिरक डस्नालाई भुक्तानी गरिएको रु ४०५००। बराबरको कारोबारमा भ्याट बिल प्रयोग नभएकोले कर दाखिला गर्नुपर्ने रु. | 6075 |
| जम्मा | | 3027198 |

| | | | | |
|---|---|---|---|---|
| ७८ | | | **कोभिड १९ तर्फ**<br>कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७8 असार मसान्तसम्मको प्राप्त रकम र खर्च सम्बन्धी बिबरण अनुसार कार्यालयले रू. 14130309.26 आम्दनी भएको विवरण पेश गरेको छ भने असार मसान्त सम्ममा रू.9168576 खर्च भएको देखाएको छ । असार मसान्त सम्ममा खर्च नभइ रू.4961733.26 बाँकी रहेको देखिन्छ । कार्यालयले देहाय अनुसार आम्दानी र खर्चको विवरण पेश गरेको छ । | |

| बजेट/आम्दानीको स्रोत | २०७८ असार मसान्तसम्म प्राप्त रकम | खर्च शीर्षक | २०७८ असार मसान्तसम्म खर्च रकम |
|---|---|---|---|
| संघीय सञ्चित कोषबाट | 0 | राहात वितरण | 0 |
| प्रदेश सञ्चित कोषबाट | 1000000 | क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन | 2155250 |
| स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको | 10000000 | आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन | 1625800 |
| संघीय कोभिड कोषबाट | ०.० | जनशक्ति परिचालन | 500000 |
| प्रदेश कोभिड कोषबाट | ०.० | औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद | 4887526 |
| अन्य स्रोतबाट प्राप्त | | स्वास्थ्य पूर्वाधार निर्माण | 0 |
| गत वर्षको मौज्दात | 3120309.26 | अन्य शीर्षकमा भएको खर्च | |
| | | बाँकी | 4961733.26 |
| जम्मा | **14130309.26** | जम्मा | **14130309.26** |

७९ अनुगमन संपरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाबाट गत विगत वर्षको निम्नानुसार बेरुजू फछ्र्यौट गरी संपरीक्षणको लागि पेश गरिएकोमा संपरीक्षण गरीएकोले पालिकालेनै लगत कट्टा गरि बेरुजु अद्यावधिक गर्नुहुनेछ ।

| दफा नं | आ.व= | फछ्र्यौट | रकम |
|---|---|---|---|
| 50 | 076/77 | मूल्य अभिवृद्धि कर समायोजन | 138908 |
| 110 | 076/77 | पेश्की फछ्र्यौट | 9817600 |
| 111 | 076/077 | डोर हाजिर पेश गरेको प्रमाण पेश | 1827220 |
| **जम्मा** | | | **11783728** |

**अनुगमन**

गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर वीजक, सवारी साधन खरिद, ठेक्का स्वीकृति र ओभरहेड लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।